# सूर्यगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोकदे, नुवाकोट
बागमती प्रदेश, नेपाल

फोनः ९८५१३१६२५८
info@suryagadhimun.gov.np
suryagadhimun@gmail.com
www.suryagadhimun.gov.np


प.सं. ०८०/८१
च.नं./

मितिः २०८०/११/०१

**आ.व. २०८१/८२ का लागि न्यूनतम रोजगारीमा संलग्न हुनको लागि ईच्छुक बेरोजगार व्यक्तीहरूले निवेदन दिने सम्बन्धी सूचना !!!**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८ सहित) को दफा १८ को उपदफा (१), (२) वमोजिम आगामी आ.व. २०८१/८२ मा यस गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरूले यही फाल्गुन मसान्त (२०८०/११/३०) सम्म आफू स्थायी बसोबास गरेको वडाको वडा कार्यालयमा बेरोजगार व्यक्तीको सूचिमा सूचिकृत हुन तपसिलको कागजात सहित निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>आवश्यक कागजातहरू:</u>

- निवेदकको नागरिकताको प्रतिलिपि १ प्रति,
- पासपोर्ट साइजको फोटो १ प्रति,
- फारममा उल्लेख गरिने परिवारको सदस्यको नागरिकताको प्रतिलिपि १ प्रति, नागरिकता नलिएको हकमा जन्म मिति खुल्ने कागजात समावेश गर्नुपर्नेछ,
- नागरिकता जारी जिल्ला फरक भएमा बसाईसराई प्रमाणपत्र/विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको भए सो पुष्टी गर्ने प्रमाणपत्र ।

पुनश्चः फारम भर्न निवेदकको उमेर १८-५९ वर्षको हुनु पर्ने साथै फारम सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट www.pmep.gov.np वाट समेत डाउनलोड गर्न सकिन्छ। सूचिकृत भैसकेका व्यक्तिहरुले पनि नविकरण गर्नुपर्ने भएकोले वडा कार्यालयमा सम्पर्क गरी निवेदन दिनु पर्नेछ । थप जानकारीको लागि रोजगार सेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ (९८४६२६४३७५, ९८४५४२००७९) ।

.............................
गणेश राम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत